नेपाल सरकार

भूमिव्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि प्रशासन कार्यालय,परासी**

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

पत्र संख्याः २०८२/०८३
चलानी न. १३६८६

मितिः-२०८३/०३/१०

विषयः सूचना टाँस गरी जानकारी/मुचुल्का पठाइदिने सम्बन्धमा ।

श्री नवलपरासी जिल्ला अदालत, नवलपरासी (ब.सु.प.) ।
श्री जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (ब.सु.प.), परासी ।
श्री जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.), परासी ।
श्री नापी कार्यालय नवलपरासी (ब.सु.प.), परासी ।
✓श्री बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी (ब.सु.प.) ।
श्री बर्दघाट नगरपालिका, ९ नं. वडा कार्यालय, नवलपरासी (ब.सु.प.) ।

प्रस्तुत् विषयमा बल बहादुरको नाती जीत बहादुर थापाको छोरा जिल्ला नवलपरासी साविक पंचनगर गा.वि.स. वडा नं. २ हाल बर्दघाट न.पा. वडा नं. ९ बस्ने यम बहादुर थापाको नाउँको ३५ (पैंतिस) दिने सार्वजनिक सूचना थान १ (एक) यसै पत्रसाथ संलग्न राखी पठाइएको छ । अतः उक्त सूचना तँहा कार्यालयको सूचना पाटीमा टाँस गरी सूचना टाँसको मुचुल्का/जानकारी यस कार्यालयमा पठाई सहयोग गरिदिनुहुन अनुरोध छ ।

श्री प्रशासन / IT

६।१०
भूमि प्रशासन अधिकृत

भूमिप्रशासन अधिकृत

बर्दघाट नगर कार्यपालिकाको कार्यालय
बर्दघाट-४, नवलपरासी (ब.सु.प.)
दर्ता नं.: ६६२१
मिति : २०८३।३।१०

नेपाल सरकार
भूमिव्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# भूमि प्रशासन कार्यालय,परासी

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

पत्र संख्याः २०८२/०८३
चलानी न.

मितिः-२०८३/०३/१०

**श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना ।**

जिल्ला नवलपरासी (ब.सु.प.), साविक पंचनगर गा.वि.स. वडा नं. २ हाल बर्दघाट न.पा. वडा नं. ९ बस्ने जीत बहादुरको नातिनी, यम बहादुर थापाको छोरीहरु रिता थापा र रिमा थापाले बल बहादुरको नाति, जित बहादुर थापाको छोरा तथा हाम्रो बुबा यम बहादुर थापाको मिति २०७८/०१/२० गते आफ्नै कालगतीले मृत्यु भएको हो । निजको मृत्यु पश्चात निजको नाउँमा दर्ता कायम रहेको जिल्ला नवलपरासी साविक पंचनगर गा.वि.स. वडा नं. २/क कि.नं. ७३९, ८६१ ज.वि. क्रमशः ०-१-१५ र ०-०-६.३ जग्गाको नजिकको हकवालामा मृतक जग्गाधनी यम बहादुर थापाका दुई श्रीमतीहरु जेठी कमला थापा र कान्छी गीता थापा रहेकोमा जेठी श्रीमती कमला थापा तर्फबाट एकमात्र छोरी रिता थापाको जन्म भएको र निजको जन्म पश्चात कमला थापा आजभन्दा २६ वर्ष अघि नै पतिको सतगत छोडी पोइला गएको र कान्छी श्रीमती गिता थापाको तर्फबाट एकमात्र छोरी रिमा थापाको जायजन्म भएको र आजभन्दा १२ वर्ष पहिले नै मृतक जग्गाधनीको कान्छी श्रीमती गिता थापा पनि पतिको सतगत छोडी पोइला गएकोमा मृतक जग्गाधनी जिवित छँदा सम्म निजको हेरविचार, स्याहारसुसार, औषधी उपचार गरी मृत्यु पछिको काजक्रिया तथा ऋणधन समेत हामी दुई दिदि बहिनीले नै गर्दै आइरहेकोले मृतक जग्गाधनी तथा हाम्रो बुबा यम बहादुर थापाको नाउँमा दर्ता कायम रहेको माथि उल्लेखित कि.नं. जग्गाको नजिकको हकवालामा मृतक जग्गाधनीको दुई छोरीहरु रिता थापा र रिमा मात्र रहेकोले उक्त जग्गा हामी दुई जनाको संयुक्त नाउँमा नामसारी गराइपाऊँ भनी यस भूमि प्रशासन कार्यालय, परासीमा संयुक्त रुपमा पेश गरेको माग दाबी निवेदन सम्बन्धमा निवेदकहरु रिमा थापा र रिता थापा बाहेक मृतक जग्गाधनी यम बहादुर थापाको नजिकको नाता पर्ने कुनै छोरा, छोरी लगायत अन्य कोही नजिकका हकवालाहरु भए वा निज मृतक जग्गाधनीलाई जीवित छँदासम्म पालनपोषण गर्ने र मृत्युपछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस श्री भूमि प्रशासन कार्यालय, परासी नवलपरासी (ब.सु.प.) मा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जानकारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।